**नियम संख्याः१/२०७८/०७९**

**कार्यपालिका बाट स्वीकृत मितिः २०७८/०३/१०**

# सान्नी त्रिवेणी गाउँपालिका कार्यपालिकाको बिनियोजन ऐन. २०७८

**सान्नी त्रिवेणी गाउँपालिका**

**मेहलमुडी.कालीकोट**

**कर्णाली प्रदेश,नेपाल**

# स्थानीय तहको विनियोजन ऐन

**सान्नी त्रिबेणी गाउँपालिकाको आर्थिक बर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोष बाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

सभाबाट स्वीकृत मिति: २०७८/३/१०

**प्रस्तावना:** सान्नी त्रिवेणी गाउँपालिकाको आर्थिक बर्ष **२०७८/०७९** को सेवा र कार्यहरुको लागि सञ्चित कोष बाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम सान्नी त्रिवेणी गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्तनामा र प्रारम्भ: (१)** यस ऐनको नाम "सान्नी त्रिवेणी गाउँपालिकाको विनियोजन ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७८/०७९ को निमित्त सञ्चित कोष बाट रकम खर्च गर्ने अधिकार**: (१)आर्थिक वर्ष २०७८/०७९ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त **अनुसूची-१** मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु.३६,२८,२०,०००।- (अक्षेरुपी: छत्तीस करोड अठ्ठाईस लाख बिस हजार मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोष बाट खर्च गर्न सकिनेछ । आ.व.२०७७/०७८ को अल्या रकम अषाढ मसान्त पछि यकिन गरि र अन्य निकायबाट रकम प्राप्त भएमा सभाबाट अनुमोदन गरिनेछ ।

३. **विनियोजन: (१)** यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८/०७९ को निमित्त सान्नी त्रिवेणी गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगतखर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य

चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२)मा जुन सुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूचि-१

(दफा२ संग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९(२) बमोजिम

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च कायकम खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १. | | गाउँ कार्यपालिका | ८६०५१००० | ५४८८९००० | ० | १४०९४०००० |
| २. | | वडा समिति | ७०८०००० | १८७००००० | ० | २५७८०००० |
| ३. | | बिषयगत शाखा | | | १७६१००००० | १७६१००००० |
| ४. | | बिशेष अनुदान संघीय र प्रदेश सरकार | ० | ० | ४०००००० | ४०००००० |
| ५ | | समपुरक अनुदान संघीय र प्रदेश सरकार | ० | ० | १६०००००० | १६०००००० |
| ६ | | ऋणको साँवा व्याज भुक्तानी | ० | ० | ० | ० |
| ७ | | लगानी ( शेयर/ऋण) | ० | ० | ० | ० |
| जम्मा | | | ९३१३१००० | ७३५८९००० | १९६१००००० | ३६२८२०००० |